'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १२६ बुधवार १७ पुष, २०८१ 01 (Wednesday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### कर्णाली प्रदेशका २८ सडक तथा पुलको हरिबिजोग

## ठेकेदारसँगै सरकारको पनि समयमै अनुगमन नगर्ने कमजोरी

नमस्ते समचारदाता

सुर्खेत, पुष/१६



कर्णाली प्रदेशका २८ वटा सडक तथा पुल निर्माणको काम सम्पन्न हुन ढिलाइ भएको छ। कतिपय सडक ठेकदारको लापरबाहीका कारण ढिलाइ भएको हो भने कतिपय सडकचाहिँ प्रदेश सरकारकै कारण ढिलाइ भएको बताइएको छ। सरकारले सडक निर्माणका लागि बजेट विनियोजन देखि ठेक्का सम्झौता गर्ने तर समयमै प्रक्रियागत कामहरू पुरा नगरिदिँदा सडकहरूमा अपेक्षित रूपमा काम हुन नसकेको पाइएको छ। डोल्पामा १, जाजरकोट, कालिकोट र दैलेखमा ४/४, सुर्खेतमा ७, हुम्लामा २, जुम्लामा १, मुगुमा ३ र सल्यानमा २ वटा सडक तथा पुलहरू निर्माणको काममा विलम्ब भइरहेको प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले उपलब्ध गराएको विविरणमा जनाएको छ। मन्त्रालयको रिपोर्ट अनुसार २० वटासम्म सडकमा ठेकेदारको लापरबाहीका कारण लक्ष्य अनुसार प्रगति हासिल हुन सकेको छैन भने बाँकी सडकमा प्रक्रियामा समस्या देखिएका छन्। कतै जग्गा प्राप्तिको काममा ढिलाइ भएको छ भने कतै रुख कटानको काम भएको छैन। यतिसम्मकी लापर्बाही छ कि निर्माणको समयसीमा सकिने बेलासम्म कतिपयको 'कन्सेप्ट डिजाइन' समेत स्वीकृत हुन सकेको छैन। यस्तै पहिलो पटकको म्याद सकिने बेलासम्म केही सडकको वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) र जग्गा प्राप्तिको काम स्वीकृत भएको छैन। पश्चिम सुर्खेतको बयीचौर-खम्बागाडे (१३ किमी) सडकको पहिलो पटकको म्याद सकिँदा पनि इआईए र जग्गा प्राप्तिको काम हुन सकेको छैन। अहिलेसम्म जम्मा २० प्रतिशत मात्रै भौतिक प्रगति भएको उक्त सडक प्रतिनिधि सभा सदस्य दिक्पाल कुमार शाहीको कम्पनीले ०७९ असार १५ गते जिम्मा लिएको थियो। ४२ करोड ५८ लाख ६० हजार ५ सय ६३ रुपैयाँ लागत रहेको उक्त सडकको पहिलो पटकको म्याद ०८१ असार १५ मा सकिसकेको छ। अहिले एक वर्ष म्याद थप गरेपनि त्यहाँ तदारुकताका साथ काम हुन सकेको छैन। मन्त्रालयका सिनियर ईन्जिनियर प्रवीण कार्कीका अनुसार निर्माण कार्य सुस्त गतिमा भएको छ। ठेकदार सांसद शाहीकै कम्पनी सहित रहेको अनक/जयदेव/सनलाइट जेभी (तीन कम्पनी)ले जिम्मा पाएको पश्चिम सुर्खेतकै बुइने-जामु-बाबियाचौर-जंगलघाट (कर्णाली नदी) जोड्ने सडक पनि अलपत्र छ।

बाँकी ३ पेजमा...

## संजिवनी कलेज अफ मेडिकल साइन्सेस अबैधानिक रहेको दाबी

नमस्ते समचारदाता

नेपालगन्ज, पुष/१६



नेपालगञ्ज मेडिकल कलेजका आन्दोलनरत कर्मचारीहरुले नेपालगञ्ज मेडिकल कलेजको वोर्ड हटाएर अस्पताल व्यवस्थापन पक्षले रातारात संजिवनी कलेज अफ मेडिकल साइन्सेस प्रालिको बोर्ड झुन्ड्याइएको प्रती आपत्ति जनाएका छन्। मंगलबार नेपालगञ्जमा पत्रकार सम्मेलन गरी आन्दोलन परिचालन समितिले अस्पताल व्यवस्थापन पक्षले शान्तिपूर्ण आन्दोलनरत कर्मचारीहरुलाई थप आक्रोशित पार्ने काम गरेको बताएका हुन। कर्मचारीहरुलाई व्यवस्थापन नगरी हठातमा थप कर्मचारीको माग गर्नु कानून बिपरित भएको आन्दोलनरत कर्मचारी सुमन श्रेष्ठ गिरीले दाबी गरिन्। उनले संजिवनी कलेज अफ मेडिकल साइन्सेस प्रालीको कानूनी बैधता माथि नै प्रश्न गरिन। आन्दोलन परिचालन समितिका संयोजक रत्ना गिरीले पनि व्यवस्थापन पक्षको निर्णय मेडिकल माफिया प्रवृत्ति जस्तै भएको बताइन्। गिरीले संजिवनी कलेज अफ मेडिकल साइन्सेस प्राली दर्ता नै नभएको जिकिर गरिन्। उनले नेपालगञ्ज मेडिकल कलेजमा बोर्ड राख्ने अधिकार संजिवनी कलेज अफ मेडिकल साइन्सेस प्रालीलाई नभएको पनि दाबी गरिन्। आन्दोलन समितिका सहसंयोजक यमबहादुर खड्काले व्यवस्थापन पक्षले हचुवाको भरमा रातारात वोर्ड फालेर संजिवनी कलेज अफ मेडिकल साइन्सेस प्रालिको बोर्ड राख्नु कर्मचारीहरुलाई थप आन्दोलित बनाउने खेल भएको बताए। उनले नेपालगञ्ज र कोहलपुर मेडिकल कलेजका कर्मचारीहरुलाई फाटो ल्याउन खोजिएको भन्दै त्यसो हुन नदिने चेतावनी दिए। त्यसैगरी आन्दोलनरत कर्मचारीको अगुवाई गर्दै आएकी अनिता थापाले आन्दोलन नरोकिने चेतावनी दिइन्। उनले अस्पताल सञ्चालक खुमा अर्याललाई मेडिकल माफियाको संज्ञा दिइन्। पैसाको भरमा कानून हातमा लिएको आरोप उनको थियो। आन्दोलनरत कर्मचारीहरुले जारी आन्दोलन नरोकिने चेतावनी दिएका छन्। आन्दोलनरत कर्मचारीहरुले आफ्नो हकहितका लागि जस्तो सुकै आन्दोलन गर्न परे पनि गर्न तयार रहेको चेतावनी दिए। तर बार्ताका लागि आफुहरु तयार रहेको उनीहरुको भनाइ छ।

## मुआब्जा विवादमा अल्झेको प्रसारण लाइनको विवाद सुल्झियो

नमस्ते समचारदाता

कोहलपुर, पुष/१६



कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन अझै निर्माण सम्पन्न हुन सकेको छैन। सम्झौता भएको मितिले २३ असार २०७८ सम्ममा निर्माण पूरा भएर अहिले कर्णालीका अन्य जिल्लामा यो विद्युत् प्रसारण भइसक्नु पर्ने भए पनि हालसम्म निर्माण कार्य सकिएको छैन। रु ७० करोड लागत रहेको आयोजना निर्माणको जिम्मा भारतीय कम्पनी आरएस इन्फ्राप्रोजेक्टसँग २२ असार २०७६ मा सम्झौता गरिएको थियो। बाँके र बार्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा जग्गा प्राप्ति तथा रुख कटानमा समस्या देखिएकामा सो समस्या हल भए पनि बाँकेकै वैजनाथ गाउँपालिका-१ गाभर र बाँनियाभारका स्थानीयवासीले आयोजनाको प्रसारण लाइन निर्माणमा अवरोध गरेपछि कामले गति लिन नपाएको हो। बाँकेमा मात्र ४२ महिनादेखि अवरोध कायम हुँदा काम हुन नसकेको आयोजनाले जनाएको छ। आयोजना विरुद्ध गाभर, बाँनियाभारका स्थानीयवासीले उच्च अदालत तुलसीपुर इजलास नेपालगन्जमा रिट दायर गरेका थिए। अदालतले नागरिकको प्रत्यक्ष सरोकारसँग जोडिएको विषय भएकाले आवश्यक मुआब्जा दिएर प्रसारणलाइन निर्माण कार्य रोक्न नहुने जनाउँदै रिट खारेज गरिदिएको थियो। गाभरमा ६ वटा, बाँनियाभारमा तीन वटा गरेर नौ वटा टावर निर्माण हुन बाँकी रहेको छ। उक्त टावरहरु निर्माण स्थलका स्थानीयवासीसँग मुआब्जा दिनका लागि जिल्ला प्रशासन कार्यालय बाँकेले चलनचल्तीको सरकारी दरमा मुआब्जा दिनका लागि समन्वय, सहकार्य गरी गाभरमा समस्या समाधान भएको छ। बाँनियाभारमा भने अझै समस्या भएको आयोजना प्रमुख रवि चौधरीले जानकारी दिए। बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालले दुवै ठाउँमा समस्या समाधान नजिक रहेको बताए। अवरोध भएमा त्यसको हल प्रशासनले गर्ने समेत उनले बताए। आयोजना प्रमुख चौधरीका अनुसार बाँनियाभारमा केही अवरोध भएको र तोकिएको मुआब्जा दिन तयार भएको छ। आयोजना प्रमुख चौधरीका अनुसार टावर निर्माण गरिएको क्षेत्रमा जग्गाको मूल्य २५, २८ र ३२ लाख निर्धारण गरिएको छ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०८५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## नेतृत्वको अक्षमताले वायुसेवा डुब्दै

वायुसेवा निगमका दुईवटै ट्विनअटर विमान ग्राउन्डेड भएका छन्। हाल निगमले दुईवटा ट्विनअटर विमानबाट सातामा देशका १८ गन्तव्यमा उडान गर्दै आइरहेको थियो। उडान ठप्प भएपछि इन्जिनियर, पाइलट, प्राविधिक देखि सेल्स र सपोर्ट स्टाफसम्म कामविहीन बनेका हुन्। निगममा आन्तरिकतर्फ १९ इन्जिनियर, करिब ५० प्राविधिक (टेक्निसियन र सपोर्ट स्टाफ), स्थायी र अस्थायी गरी १५–१६ जना पाइलट तथा एयरहोस्टेस र उपत्यकाबाहिर करिब ४० कर्मचारी कार्यरत रहेको स्रोतको भनाइ छ। ट्विनअटर उडाउनका लागि अस्थायी पाइलट पनि छन्। मासिक सातदेखि १० लाखसम्म तलब खाने पाइलट जहाज ग्राउन्डेड भएसँगै फुर्सदिला भएका छन्। निगममा पाइलट देखि कर्मचारीसम्म कन्ट्र्याक्टमा काम गर्ने धेरै छन्। जसलाई मासिक करोडौँ तलब–भत्तामा खर्चिनुपर्छ। निगममा ट्विनअटर विमानका लागि जगेडा इन्जिन नभएका होइनन्। तर, सबै इन्जिन बिग्रिएका र समयमै मर्मतमा चासो नदिइएको हुँदा फेरबदल गर्ने इन्जिन नभएर दुईवटै ट्विनअटर ग्राउन्डेड गर्नुपरेको हो। यदि निगम नेतृत्व नियमित उडानमा प्रतिबद्ध हुन्थ्यो भने बिग्रिएका इन्जिन पहिल्यै मर्मत वा सट्टापट्टा गरेर जगेडा राखिनुपर्ने निगमका एक कर्मचारीहरु नै बताउँछन्। निगम व्यवस्थापनले पहिलो जहाज ९ एन–एबिटी ग्राउन्डेड भएको साढे ६ महिनापछि बल्ल इन्जिन सट्टापट्टा र मर्मतका लागि मेन्टेनेन्स, ओभरहल अर्गनाइजेसन (एमआरओ) नियुक्त गरेको छ। इजरायलको एमआरओ कम्पनी बेट सेमेस इन्जिन लिमिटेडसँग ४५ दिनभित्र ओभरअल इन्जिन दिने र निगमका इन्जिन मर्मतका लागि लैजाने सहमति भएको बताइन्छ। तर, निगम नेतृत्वको कार्यशैलीका कारण अझै डेढ–दुई महिना ग्राउन्डेड जहाज नियमित उडानमा फर्किने सम्भावना नरहेको स्रोतको दाबी छ। निगमसँग भएका ६ थान इन्जिन वर्षौंदेखि मर्मत गरेर नराखेकै कारण जगेडा इन्जिन अभावले आन्तरिक उडान ठप्प भएको हो। निगम नेतृत्वको दबाबका कारण प्राविधिक टोलीले फिट टु फ्लाइट दिएको थियो। तर, जहाज रनअप गरेर हेर्दा फेरफार गरेको इन्जिनमा मेटालिक चिप्स देखिएपछि ९एन–एबियूले उडान गर्न सकेन। बिग्रेको इन्जिन जडान गरेर जहाजलाई फिट टु फ्लाइट दिनु हवाई सुरक्षाका हिसाबले गम्भीर लापरबाही हो।

# डाक्टरको दरबन्दी खोइ ?



डा. बालकृष्ण साह



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को मापदण्डअनुसार एक हजार जनसंख्या बराबर एक डाक्टर हुनुपर्छ । तर सरकारी दरबन्दीमा भने निकै कम डाक्टर रहेका छन्। सरकारी दरबन्दीका आधारमा हेर्दा नेपालमा प्रति एक हजार जनसंख्यामा ०.०६२ मात्र चिकित्सक रहेका छन् । केही दिनअगाडि कोशी अस्पतालले सेवा करारमा लिने सम्बन्धमा चिकित्सक लगायतको सूचना प्रकाशन गऱ्यो । तर एमडी/एमएस गरेका र केही संख्यामा अझ थप फेलोसिप गरेका विशेषज्ञ चिकित्सकहरूलाई मेडिकल अधिकृत आठौं तहमा आवेदन गर्न भनियो । सरकारी सेवामा विशेषज्ञ चिकित्सकहरू न्यूनतम तह नवौं तह रहेको हुन्छ भने आठौं तहमा एमबीबीएस गरेका मेडिकल अधिकृतहरूलाई नियुक्ति गरिएको हुन्छ । त्यसैले विशेषज्ञको माग गर्रिंदा नवौं तहमा माग गरिनुपर्ने भनेर नेपाल चिकित्सक संघ, कोशीको विज्ञप्ति आयो । यद्यपि विशेषज्ञ चिकित्सकहरूलाई आठौं तहमा माग गर्ने कोशी अस्पताल पहिलो अस्पताल होइन । स्वास्थ्य मन्त्रालयअन्तर्गत रहेका संघीय अस्पतालहरूले विशेषज्ञ चिकित्सकहरूको आवश्यकता भएपछि करार सेवामा आठौं तहमा नै आवेदन खुलाएर प्रक्रिया पुऱ्याएर नियुक्ति गर्ने गरेका छन् । किन हुन्छन् करारमा आठौं तहमा नियुक्ति ?ः प्रजातन्त्र पुनर्स्थापनापछि २०४८ मा पहिलो निर्वाचित सरकार बन्दा देशमा डाक्टरको दरबन्दी १२ सय १२ थियो । ३३ वर्षपछि पनि संघीय सरकारअन्तर्गत डाक्टरको दरबन्दी त्यति नै छ। यसबीच देशले तीन दर्जनभन्दा बढी वटा सरकार पायो, तर नागरिकलाई सहज सेवा दिने गरी डाक्टरको संख्या थप्ने विषय कसैको प्राथमिकतामा परेको छैन। संघ र प्रदेशको गरी हाल देशभर १ हजार ९ सय १६ चिकित्सकको दरबन्दी छ। यो संख्या पनि संघीयता लागू भएपछि प्रदेशले दरबन्दी खुलाएसँगै थपिएको हो । विभिन्न प्रदेशहरूले ७ सय ४ दरबन्दी थपेका हुन्। संघले त ३३ वर्षअघिकै दरबन्दी कायम राखेको छ। जबकि २०४८ मा देशको जनसंख्या १ करोड ८४ लाख ९१ हजार ९७ थियो भने अहिले २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ पुगिसकेको छ। एकातिर जनसंख्या बढेको छ । र अर्कोतिर जनताको आधुनिक चिकित्सामा विशेषज्ञ सेवाको माग पनि बढेको छ। हिजोका दिनमा अहेब तथा हेल्थ असिस्टेन्टहरूबाट सेवा लिएर चित्त बुझाएका जनताले अहिले एमबीबीएस डाक्टरभन्दा पनि सम्बधित विशेषज्ञ वा सोभन्दा बढी अध्ययन भएका सेवा खोज्ने र रोज्ने हुन्छन् । तर दरबन्दी तिनै हुन् । स्वास्थ्य मन्त्रालयका पछिल्लो तथ्यांक अनुसार संघ र प्रदेशको दरबन्दीमा रहेकामध्ये एघारौं तहका कन्सल्ट्यान्ट चिकित्सकहरू करिब तीन सय मात्र छन् । त्यसैगरी नवौं र दसौं तहका विशेषज्ञ चिकित्सकहरू करिब एक हजार रहेका छन्। र आठौं तहका मेडिकल अधिकृतहरू पनि एक हजारभन्दा कम नै रहेका छन्। स्वीकृत दरबन्दीअन्तर्गतका पनि सबै चिकित्सक बिरामीको सेवामा सक्रिय छैनन् । केन्द्रदेखि प्रदेशका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य प्रतिष्ठान, अस्पताल र विभिन्न निकायमा प्रशासनिक काममा समेत ठूलो संख्यामा चिकित्सक आबद्ध हुँदा उपचारात्मक सेवा प्रभावित भइरहेको छ। बिमारीको बढ्दो चापलाई व्यवस्थित गर्न अस्पताल विकास समितिले करार सेवामा चिकित्सकहरूको नियुक्ति गर्न बाध्य हुन्छन्। तर विकास समितिहरूले आठौं तहभन्दा माथि नियुक्ति गर्न पाउने अधिकार नरहेकाले केही थप सेवा सुविधा दिए पनि विशेषज्ञ चिकित्सकहरूलाई समेत आठौं तहमा नै नियुक्ति गर्ने गरेका छन् । अनि बेरोजगारीको समस्याले जुध्दै आएका विशेषज्ञहरू आठौं तहमा नै नियुक्ति भएर पनि सेवा दिन तयार हुन्छन् । दरबन्दी थप्न नसकिने पो हो कि ?ः प्रजातन्त्रको प्राप्तिपछि राज्यको आर्थिक प्रगति नभएको होइन । दरबन्दीहरू नथपिएका पनि होइनन् । विगत ३३ वर्षमा सेना र प्रहरीको संख्या दोब्बर बढेको छ भने निजामती कर्मचारीको दरबन्दी करिब ३४ हजार थपिएको छ । गाउँका वडासदस्यदेखि सिंहदरबारका प्रधानमन्त्रीसम्म गरी राजकीय सुविधा लिने नेताको संख्या पनि ३६ हजारभन्दा धेरै छन्। अस्पताल पनि केही थपिएका छन् । अस्पतालमा उपकरण र शय्याहरू पनि थपिएका छन् । चिकित्सकको उत्पादन नभएको पनि होइन । नेपाल मेडिकल काउन्सिलको तथ्यांकअनुसार हाल नेपालमा विशेषज्ञ चिकित्सक १० हजार ५ सय ८८ छन् । त्यस्तै एमबीबीएस र बीडीएस गरी ३४ हजार ९ सय १० चिकित्सकहरूको दर्ता छ। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को मापदण्डअनुसार एक हजार जनसंख्या बराबर एक डाक्टर हुनुपर्छ । तर सरकारी दरबन्दीमा भने निकै कम डाक्टर रहेका छन्। सरकारी दरबन्दीका आधारमा हेर्दा नेपालमा प्रति एक हजार जनसंख्यामा ०.०६२ मात्र चिकित्सक रहेका छन्। यस अवस्थामा पनि नथपिएका त चिकित्सकहरूको दरबन्दी मात्रहुन् भन्दा फरक नपर्ला । र अन्तमा, स्वस्थ्य सेवाका विभिन्न विधा र पद्धतिहरू छन् । निवारक (प्रिभेन्टिभ), प्रवर्द्धनात्मक, वैकल्पिक, आयुर्वेद, होमियोपेथिक, युनानीलगायत अन्य धेरै छन् । सबैका आ-आफ्नै विशेषता र महत्त्व छन्। तर आधुनिक चिकित्सा पद्धति र यसमा पनि विशेषतः उपचारात्मक सेवा दिने अस्पताल नै हो। र अस्पतालले दिने चिकित्सकीय सेवालाई नै सम्झौतामा राखेर, आलटाल गरेर गुणस्तीय सेवाको कल्पना गर्नु सम्भव होला ? विचार गर्नु पर्छ। अस्थायी, करार, ज्यालादारी र यसमा पनि मर्यादामा आँच आउने गरी घटवा गरेर दिइएका नियुक्तिले गुणस्तरीय सेवा दिन सकिँदैन । यस्ता नियुक्तिहरूले चिकित्सहरूको रोजगारी असुरक्षित रहेको, स्तरगत वृद्धि नभएको र सामाजिक मर्यादा तथा मानसिक सन्तुष्टि नहुने निश्चित छ । स्वदेशमा सुरक्षित रोजगारको वातावरणको निर्माण नभएर पनि अहिले चिकित्सकहरू बिदेसिने क्रम बढ्दो छ । त्यसैले बढेको जनसंख्या र जनताको आवश्यकतालाई मध्यनजर गरेर चिकित्सकहरूको दरबन्दी थप गरेर स्थायी पदपूर्तिको विकल्प छैनभन्दा फरक नपर्ला ।

*साह, नेपाल चिकित्सक संघ, कोशीका महासचिव हुन् ।*

***-गोरखापत्र***

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# बाँकेमा १४६ जना नयाँ कुष्ठरोगी भेटिए

■ नमस्ते समचारदाता

बाँके, पुष/१६



बाँकेमा १४६ जना नयाँ कुष्ठरोगी फेला परेका छन् । साइनिङ अस्पताल आइएनएफ बाँकेले आर्थिक वर्ष २०८०/८१ मा १४६ जना नयाँ कुष्ठरोगी निदान गरी उपचारका लागि विभिन्न स्वास्थ्य संस्थामा रेफर गरिएको जनाएको छ । नेपालगञ्जमा आयोजित 'सामाजिक परीक्षण तथा जिल्ला परियोजना सल्लाहकार समितिको बैठक'मा साइनिङ अस्पताल आइएनएफ प्रमुख मंगल बहादुर थारुका अनुसार नयाँ निदान भएका कुष्ठरोगीमा बाँकेका ८४ जना, बर्दिया २४, भारतका २१ जना, रोल्पा ५, दैलेख ४ र सुर्खेतका १ जना छन् । निदान भएका मध्ये ३९ प्रतिशत बिरामीहरूमा कुष्ठरोगको किटाणु पोजिटिभ रहेको थारुले जानकारी दिए । साइनिङ अस्पतालले कुष्ठरोग सेवालाई बिस्तार गर्दै पश्चिम क्षेत्रकै कुष्ठरोग प्रेषण केन्द्रका रुपमा आफूलाई स्थापित गरिरहेको थारुको भनाई छ । यो अस्पतालले आफ्नो बहिरङ्ग सेवामार्फत १७ हजार २ सय ६५ जनालाई सेवा प्रदान गरेको जनाएको छ । अस्पतालले कुष्ठरोगीको पहिचान, अपाङ्गता रोकथाम तथा उपचार, कुष्ठरोग सम्पर्क परीक्षण, समुदाय स्तरमा छाला तथा कुष्ठरोग पहिचान शिविर, स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम, समुदायमा कुष्ठरोग सचेतना कार्यक्रम, निःशुल्क उपचार सेवा लगायतका गतिविधि गरिरहेको थारुले जानकारी दिए। कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख ज्ञानेन्द्र कुमार चौधरी, भेरी अस्पताल नेपालगञ्जका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. निराजन सुवेदी, स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अंगद बहादुर शाही, नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नवीन गिरी, जानकी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख दल बहादुर राना, सेवाग्राही गुलाम हसमत साई लगायतले साइनिङ अस्पताल आइएनएफले कुष्ठरोग लगायत विभिन्न छालाजन्य रोगहरूको निदान र उपचारमा खेलेको भूमिकाको सराहना गरेका थिए । कार्यक्रममा जिल्ला समन्वय समिति उपप्रमुख सीता कार्की, जानकी गाउँपालिका उपाध्यक्ष रामप्यारी यादव, नेपालगञ्ज उपमहानगर पालिका स्वास्थ्य महाशाखा प्रमुख राम बहादुर चन्द लगायत सरोकारवालाको उपस्थिति थियो ।

# १८ वर्षमा १७ किलोमिटर सडक

■ नमस्ते समचारदाता

मुगु, पुष/१६



गमगढीदेखि उत्तरी सीमा तिब्बत जोड्ने ९६ किलोमिटर लम्बाइको सडक निर्माणको काम १८ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ। ०६२/६३ मा सर्वे र डिजाइन गरिएको यो सडक आयोजना सरकारले प्राथमिकतामा नपारी पर्याप्त बजेट विनियोजन नहुँदा सडम निर्माणमा ढिलाइ भएको हो। सडक डिभिजन कार्यालयका सूचना अधिकारी ईन्जिनियर प्रदीप चौधरीका अनुसार, सरकारले जति पटक बजेट बिनियोजन गरेपनि न्यून बजेट विनियोजन गर्छ त्यहि पनि निर्माण कम्पनीले समयमा काम नगर्दा बजेट फ्रिज जाने गर्छ चौधरीले भने । हालसम्म मुगुम कार्मारोङ्को छाईल बगरसम्म जम्मा ९६ किलोमिटर मध्ये १७ किलोमिटर मात्र सडक खनिएको छ। बाँकी ७९ किलामिटर सडक बन्न यही गतिमा हो भने बर्षौं लाग्ने सम्भावना छ । मुगाली जनताको चिन सँग व्यापार गर्ने सपना कहिले पूरा हुने हो, अन्योल सृजना भएको छ। सिङ्गो कर्णाली प्रदेशको लाइफलायन र गौरवको आयोजनाका रूपमा लिइएको यो सडक मुगाली जनताका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ । प्रयाप्त मात्रामा बजेट बिनियोजन नहुनु र यदी बिनियोजित हुँदा कनिका छरे झै मात्र बजेट छुट्याईदा यो आयोजना अघि बढ्न नसकेकोले त्तम मुगालीले चिन्ता ब्यक्त गरेका छन् । हाल बजेट अभावका कारण सडक खन्ने काम अलपत्र छ भने गमगढी नाक्चेलाग्ना सडक निर्माण परियोजनाका कर्मचारी घाम तापेर बस्नुको बिकल्प नरहेको बताईएको छ । यस सडकको लागि आगामी आर्थिक बर्षको बजेटमा प्रयाप्त मात्रामा बजेट बिनियोजित गरि सडक खन्ने काम ठेकेदार कम्पनीलाई नदिई नेपाली सेनालाई दिनु पर्ने कुरा कर्णाली बासीले नेपाल सरकारलाई आग्रह गरेका छन् ।

## ठेकेदारसँगै...

०८१ चैत्रमा सम्पन्न गर्ने लक्ष्यसहित २५ करोड ७१ लाख २६ हजार बढी लागतमा कम्पनीले ०७८ जेठ १८ गते निर्माणको जिम्मा लिएको थियो। यद्यपि अहिलेसम्म भौतिक प्रगति ५६ र वित्तीय प्रगति ५७ प्रतिशत मात्रै रहेको छ। उक्त कम्पनीले कुनैपनि हालतमा समय सीमा भित्र काम सम्पन्न गर्ने अवस्था नदेखिएपछि मन्त्रालयमै बोलाएर अन्तिम पटक चेतावनी दिइएको मन्त्रालयले जनाएको छ । कर्णालीमा कुनै कम्पनीले जिम्मा लिएको सडक समयमै सम्पन्न नगर्दा पनि त्यही कम्पनीलाई अर्को सडक पनि जिम्मा दिने प्रवृत्ति देखिएको छ । नेपालगन्जको अमर-सिस्ने जेभी, नेपाल मेघाले मिलेर प्रमुख दुई वटा सडक र दुई पुल जिम्मा पाएका छन् । उक्त कम्पनीले प्रदेश राजधानी वीरेन्द्रनगरको मंगलगढी-कांक्रेबिहार सडक लामो समय अलपत्र पाऱ्यो। सिङ्गो प्रदेश सरकार लाग्दा पनि उक्त कम्पनीलाई काम गराउन सकस भएको थियो । अहिले पनि उक्त सडकले पूर्णता पाउन सकेको छैन । अमर-सिस्न-नेपाल-मेघा जेभीले ०७८ मंसीरमा उक्त सडकको जिम्मा लिएर ०८० असारमा काम सम्पन्न गरिसक्ने लक्ष्य थियो। १२ करोड ७६ लाख १५ हजार ४ सय चार रुपैयाँमा ठेक्का लिएको उक्त कम्पनीका कारण सिङ्गो प्रदेश सरकार नै बदनाम हुनुपऱ्यो । राजधानीको प्रमुख सडक, त्यसैमा कांक्रेबिहार जस्तो प्रमुख पर्यटकीय स्थलमा जोड्ने उक्त सडक अलपत्र पार्दा धुला-धुवाँले वरपरका बस्ती र यात्रुहरूलाई निकै हैरानी खेप्नुपरेको छ। पटक-पटक म्याद थप्नुका साथै कारबाही गर्दा पनि उक्त सडकको काम अझै सम्पन्न हुन सकेको छैन। भौतिक पूर्वाधार मन्त्रालयका सूचना अधिकारी प्रवीण कार्कीका अनुसार अन्तिम पटक थपेको म्यादपनि गत असार १२ गते सकिएको छ। तर अहिलेसम्म ६० प्रतिशत मात्रै भौतिक प्रगति छ भने ६२ प्रतिशत वित्तीय प्रगति छ। ०८० फागुनमा उक्त कम्पनीको जमानत जफत गरिएको थियो । त्यही कम्पनीले जाजरकोटमा एउटा सडक र दुई वटा पुल जिम्मा लिएर अलपत्र पारेको छ । ०७८ पुसमै जिम्मा लिएको छेडा-थालह-सनखोला-चाँदे हुँदै जुम्ला जोड्ने सडकको काममा चरम लापरबाही गरेको छ। अमर सिस्नेले १५ करोड ५२ लाख ५१ हजार भन्दा बढी रकममा जिम्मा लिएको उक्त सडकको अहिलेसम्म जम्मा १० प्रतिशत भौतिक र १.६ प्रतिशत वित्तीय प्रगति छ। ०८२ पुससम्म काम सम्पन्न गर्नुपर्ने भएपनि ठेकदारले काम सम्पन्न गर्न कुनै प्रयास नगरेको कारण ढिलाइ भएको मन्त्रालयले जनाएको छ। निकै चर्चामा रहेको सुर्खेतको रानीघाट-तेलपानी हुँदै बर्दियाको भुरीगाउँ जोड्ने सडकको काममा निकै ढिलाइ भएको छ । प्रदेश राजधानी वीरेन्द्रनगरदेखि सिधा बर्दियासँग जोड्ने उक्त सडक निर्माणको जिम्मा ०७७ असार १६ गते थोदुङ्ग/जागृति जेभीले १८ किलोमिटर स्तरोन्नति गर्न १३ करोड भन्दा बढी रकममा जिम्मा लिएको थियो । ०८२ माघमा सम्पन्न गरिसक्नुपर्ने भनिएपनि अहिलेसम्म १० प्रतिशत भौतिक र १७ प्रतिशत वित्तीय प्रगति भएको छ। रुख कटान र जग्गा भोगाधिकारको निर्णय नभएकाले निर्माण कार्य सञ्चालन हुन नसकेर सडक अलपत्र अवस्थामा रहेको छ। प्रतिनिधि सभा सांसद तथा राज्यमन्त्री पूर्णबहादुर तामाङ 'कान्छाराम'को कम्पनीले जिम्मा लिएका वीरेन्द्रनगरका १५ सडकको प्रगति पनि निकै कमजोर छ। कारबाहीको अन्तिम चेतावनी पश्चात् केही समयअघि मात्रै काम सुरु गरेको उक्त कम्पनीको अन्तिम पटकको म्याद मंसिर २० गते सकिसकेको छ । यद्यपि समग्र भौतिक प्रगति जम्मा ३० प्रतिशत मात्रै भएको छ।

## मुआब्जा...

बाँकेको कोहलपुरदेखि सुर्खेतको वीरेन्द्रनगरस्थित सुब्बाकुना सवस्टेसन सम्मको प्रसारण लाइनको दूरी ५२ किलोमिटर छ। कोहलपुर-सुर्खेत सम्म १६१ वटा टावर रहेका छन् । आयोजनाले अहिले सम्ममा सुर्खेत खण्डमा ३२ किमी क्षेत्रमा टावर निर्माण सकेर तार तानी सकिएको छ । हर्रे-छिन्चु-सुब्बाकुना र कोहलपुर -चिसापानी सम्म विवाद बाहेकका क्षेत्रमा टावर निर्माण भई तार तान्ने काम सम्पन्न भएको प्रमुख चौधरीले बताए। १४ किमी हर्रे-बबइ-चिसापानी क्षेत्र बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज भित्र रहेको छ । यो क्षेत्रमा रुख कटानको अनुमति पाए लगत्तै धमाधम रुख कटान र टावर निर्माणको काम भैरहेको छ। अबको दुई महिनाभित्र रुख कटानको काम पूरा हुने लक्ष्य राखिएको छ । निकुञ्जमा ७० वटा टावरमध्ये ६ वटा टावर निर्माण गर्न बाँकी छ। जेठसम्ममा वीरेन्द्रनगरमा रहेको सबस्टेशनमा विद्युत् चार्ज गर्नेगरी कामलाई तीव्रता दिइएको प्रमुख चौधरीले बताए। आयोजनाको ८० प्रतिशत भौतिक प्रगति भएको समेत उनले बताए। सुर्खेतमा २०४५ सालमा निर्माण भएका संरचनाबाट हालसम्ममा विद्युत् प्रसारण भइरहेको छ। अहिले ३३ केभी प्रसारणलाइनको विद्युत् सुर्खेत लगायत कर्णालीका जिल्लामा सञ्चालनमा रहेको छ । सोही कारणले विद्युत् अनियमितता हुनुका साथै लो भोल्टेजका कारण काम गर्नसमेत समस्या हुँदै आएको छ।

# शून्य बजेटमा गुञ्जिन्छ कर्णालीको समाज बोल्ने 'देउडा'

■ नमस्ते समचारदाता

सुर्खेत, पुष/१६



कर्णाली तथा सुदूरपश्चिमको लोकप्रिय खेलका रूपमा देउडा मानिन्छ । यसलाई डेउडा पनि भन्ने गरिन्छ । साँस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक मात्र होइन यहाँका नागरिकहरुको समग्र सवाललाई सरस, सरल र मर्मसहितको भाव व्यक्त गर्दछ । विगतमा ग्रामीण भेकमा मात्र गुञ्जिने देउडा अहिले व्यस्त सहरमा पनि त्यत्तिकै देख्न पाइन्छ । यसको लोकप्रियता पछिल्लो समयमा बढ्दै गएको छ । विगतमा माथिल्लो कर्णालीमा विशेषगरी चाडपर्व, मेलामालिका, विवाह, व्रतबन्ध, जन्मदिन र शुभसाइत खेलिने देउडाको विस्तार सहरसम्म हुँदै जाँदा देउडा खेल लगाउन अहिले औंसी वा पूर्णिमा कुनै तिथि, मिति र अवसर कुर्न पर्दैन तथापि कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा हरेक महिनाको १ र १५ गते देउडा सञ्चालन हुने गर्दछ । देउडा कार्यक्रम सञ्चालनमा संस्कृति संरक्षण र पुस्तान्तरण भइरहेकाले स्थानीय, प्रदेश तथा सङ्घ सरकार सबैले गर्व गर्नुपर्दछ । कुनै पनि कार्यक्रम तय गर्दा स्रोतसाधन र जनशक्ति आवश्यक पर्दछ तर यसका लागि बजेट तर्जुमा अर्थात् जोहो र जनशक्रि प्रबन्ध गर्नुपर्दैन । शून्य बजेटमा हरेक महिनाको दुई दिन अनिवार्य देउडा गुञ्जिन्छ कर्णालीमा । मूलतः कार्यक्रममा गर्दा सामान्यतः बजेट अनिवार्य शर्त जस्तै हुन्छ भने यसका लागि आयोजक आवश्यक पर्दछ । कार्यक्रममा प्रयोग हुने सामग्री तथा उपकरण, समय व्यवस्थापन र आवश्यक जनशक्ति पनि नभई हुँदैन। खाना, खाजासाथै भत्ता नभए सहभागिता पनि घट्ने अवस्था हुन्छ र कार्यक्रम नै खल्लो भइदिन जान्छ। यद्यपि देउडा कार्यक्रम भने फरक विशेषताबाट सञ्चालन हुँदै आएको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा हरेक महिनाको १ र १५ गते घण्टाघर नजिकको खुला मैदानमा देउडा पारखी, जानकार, शुभेच्छुक र जिज्ञासुहरू विना कुनै दबाव, तनाव र रोकतोक स्वतन्त्र तरिकाले हजारौंको संख्यामा खुला मैदानमा जम्मा हुन्छन्। यहाँ कोही आयोजक भएर प्रस्तुत हुँदैन । स्वतः तवरले मैदानमा जम्मा हुनेहरु समूहमा परिणत भएर सहभागीहरू आयोजकको स्वरुपमा सक्रिय बन्छन् । अनि एकपछि अर्को जोडिएर गोलो घेरा बनाउँछन् । यसमा दुई समूह भने अनिवार्य हुनुपर्छ । यो पुरुषपुरुष र महिलामहिला वा महिला पुरुष दुवैले समूह बनाए खेल्छन्। खेलमा दुवै समूहमा एक जना गीत भट्याउने हुन्छ जसले आफ्नो समूहको दरिलो नेतृत्व गरिरहेको हुन्छ। यसमा तर्क गर्ने र शीघ्राती सवाल जवाफ गर्नसक्नेले नेतृत्व गर्छ। खेलमा सधैं एउटैले नेतृत्व गर्ने भन्ने हुँदैन। इच्छुक जोसुकैले आफ्नो सो समयमा प्रभाव राख्न सक्छ । खुट्टा अगाडि पछाडि एकबद्ध गर्दै विभिन्न भाकामा गीत मिलाएर खेलिने देउडा खेल्नेभन्दा हेर्नेले बढी मज्जा र मनोरञ्जन लिन्छन् । गीतमा मायापिरती, सुखदुःख, राजनीति, सामाजिक, सांस्कृतिक अवस्था, विद्यमान वा परिवर्तित परिवेशबारे व्यक्त गरिन्छ । सोमबार परेको १५ गतेलाई कर्णालीको खस भाषामा 'पुसा पुन्वा' पनि भन्ने गरिन्छ । कर्णालीवासीले सोमबारलाई लामो रातका रूपमा लिँदै मीठामीठा परिकार खाएर यसलाई अवसर मानी गाउँ खाने कथा हाल्ने वा देउडा खेलेर रमाइलो गरी मनाएका छन्। पुस १५ को महत्व र यसपछि बदलिने समय, रैथानेबाली, यसको संरक्षण, प्रवर्द्धन र बजारीकरणका बारेमा पनि देउडा गीत गाउने गरिन्छ।

*पोर आइथी पुसका पुन्न अहिले*
*पनि आइगै ।*
*उमेर घटाई जोवन लैगै आफू*
*फेरि बाइगै ॥*

रूपमा जस्तो देखिए पनि सारमा देउडाले यहाँका नागरिकहरूको जीवन बोल्ने गरेको जुम्ला निवासी देउडाकर्मी जीतबहादुर सिंहले बताए । उनले भने, "देउडामा समाज बोल्छ । यसमा सृष्टि, प्रकृति, विश्व जगत्देखि मायाप्रेम, हाँसो, रोदन, आवेग, रोष, व्यङ्ग्य, आलोचना, टिप्पणी, गुनासो, सुझावलगायत सबै कुराको समावेश छ। जसले खेल्नेलाई जोश जगाइरहेको हुन्छ भने हेर्नेलाई उत्साह र उमङ्ग दिन्छ ।" त्यस्तै, कालीकोट निवासी देउडा गायिका कमला धामीले देउडा सामाजिक र सांस्कृतिक पहिचान भएको बताए । "देउडा भन्नेबित्तिकै कर्णाली या सुदूरपश्चिम भनेर चिनिन्छ । यो हाम्रो झल्किने पहिचान हो", उनले भने, "मनोरञ्जन र सामाजिक, आर्थिक, राजनीतिक समस्यालाई सरल ढङ्गबाट सरोकारवाला निकायलाई सुनाउने र सम्बोधन गर्न लगाउने माध्यम एवं शैली हो ।" विभिन्न परम्परागत प्रथा, संस्कृति र संस्कार संरक्षणका लागि राज्यले करोडौंको खर्च गरिरहँदा देउडा संस्कृतिको संरक्षण एवं जगेर्नाका लागि भनेर ठूलो लगानी गरेको पाइँदैन । यसको निरन्तरता दिँदै पुस्तान्तरण गर्ने, कला संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले यहाँका स्थानीयले आधुनिकतासँगै देउडाको मौलिकतालाई विस्तार गर्दै लगेका छन्। कर्णालीका संस्कृतिसम्बन्धी जानकार रमानन्द आचार्यैले देउडा संस्कृति सिञ्जा सभ्यताको परिचय भएको बताए । उनका अनुसार देउडाले सिञ्जा सभ्यता एवं कर्णालीको समुल कथा र मर्म बोल्दै आएकाले यसको जीवन्तता रहिआएको छ । कर्णाली प्रदेश सरकारले देउडा खेल र संस्कृतिको महत्व हृदयमगम गरी यसको संरक्षण एवं सम्वर्द्धन गर्ने उद्देश्यले हरेक वर्षको साउन १ गते 'साउने सङ्क्राति अर्थात् देउडा पर्व'का रूपमा सार्वजनिक बिदा दिँदै आएको छ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

# बस्ती संरक्षणको योजना कार्यान्वयन हुँदै

■ नमस्ते समचारदाता

सुर्खेत, पुष/१६

कर्णालीको भूगोल भिरालो छ। बस्ती बस्न र खेती गर्नका लागि त्यति उपयुक्त छैन। अस्वाभाविक भूबनोटका कारण बर्सेनि खेतीयोग्य जमिन मासिँदै गएको छ। जथाभाबी रूपमा सडक निर्माण गरिँदा अहिले अधिकांश बस्ती जोखिममा परेका छन्। जसलाई नियन्त्रण गर्न प्रदेश सरकारले जलउत्पन्न प्रकोप नियन्त्रण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। चालु आर्थिक वर्षमा तटबन्धनको कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। जोखिमयुक्त बस्ती संरक्षणका लागि कर्णाली प्रदेश जनता तटबन्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ। १० वटै जिल्लामा कार्यक्रम कार्यान्वयन भइरहेको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले जनाएको छ। चालु आवमा कार्यक्रम कार्यान्वयनका लागि ३१ करोड ४४ लाख बजेट विनियोजन गरिएको मन्त्रालयका प्रवक्ता पदमराज देवकोटाले




बताउनुभयो। उहाँका अनुसार १० वटै जिल्लामा प्रदेश सभा सांसदले छनोट गरेका योजना कार्यान्वयन गर्ने गरिएको छ। प्रतिसांसद एउटा योजना समावेश गर्ने गरिएको छ। यस वर्ष ४० योजना छनोट भई कार्यान्वयनको चरणमा गएका छन्। नौ वटा जिल्लाका खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय र सुर्खेतमा खानेपानी सिँचाइ तथा ऊर्जा विकास निर्देशनालयबाट कार्यक्रम कार्यान्वयन गर्ने गरिएको छ। यो कार्यक्रम अन्तर्गत जिल्लाका कार्यालयबाट छनोट भइआएका योजनासमेत कार्यान्वयन गर्ने गरिएको छ। प्रदेश सभा सदस्यका ४० वटा योजनाका लागि आठ करोड र जिल्लाका खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयबाट छनोट भएका योजनाका लागि २३ करोड बजेट गरी करिब ३१ करोड ४४ लाख बजेट यो वर्ष कार्यान्वयन हुने छ। प्रदेशका भिरालो तथा जोखिमयुक्त बस्ती संरक्षण गर्न प्रदेश सरकारले कर्णाली प्रदेश जनता तटबन्धन कार्यक्रम सञ्चालन गरेको हो। जसबाट बस्ती संरक्षण र खेतीयोग्य जमिनको संरक्षण गर्न सकिने लक्ष्य राखिएको छ। यसै गरी मन्त्रालयले सिँचाइका आयोजनालाई पनि प्राथमिकतामा राखेको छ। साना तथा मझौला आयोजना पहिचान गरी कार्यान्वयन गरिएको मन्त्रालयका प्रवक्ता देवकोटाले बताउनुभयो। उहाँका अनुसार उक्त आयोजना कार्यान्वयनबाट एक हजार दुई सय हेक्टर कृषियोग्य भूमिमा दिगो तथा भरपर्दो सिँचाइ उपलब्ध गराउने लक्ष्य राखिएको छ।

# मानव बेचबिखनका घटना बढ्दो

■ नमस्ते समचारदाता

बाँके, पुष/१६

मानववेचविखन तथा ओसारपसार विरुद्ध क्रियाशिल संस्था माइती नेपालको नेपालगञ्जस्थित कार्यालयमा सन् २०२४ मा महिला तथा बालबालिका हराएको भन्दै खोजतलासका ७७७ वटा निवेदन परेका छन्। मङ्गलबार नेपालगन्जमा आयोजित मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सञ्चार कर्मीहरूसँगको अन्तरक्रियामा कार्यक्रममा माइती नेपाल नेपालगन्जका संयोजक केशव कोइरालाले हराएका मध्य ४०७ जना फेला परेको जानकारी दिनुभयो। माइती नेपाल नेपालगञ्जका कार्यक्रम संयोजक कोइरालाले भन्नुभयो, पछिल्लो समय मानव बेचबिखनका लागि सामाजिक सञ्जालको प्रयोग बढीरहेको छ, वैदेशिक



रोजगारीमा जानेहरू पनि बेचबिखनको जोखिममा छन्। सामाजिक सञ्जालसँग जोडिएर चिनजानको आधारमा बङ्गलादेश जान लागेकी युवतीको समेत उद्दार गरिएको छ। उनी इन्स्टाग्राममा चिनजान भई त्यसतर्फ जान लागेको माइती नेपालले जनाएको छ। माइती नेपालका अनुसार सन् २००२ यता नौ हजार ११ जना महिला तथा बालबालिका हराएको भन्दै खोजतलासका लागि निवेदन परेकोमा दुई हजार ३२३ जना मात्रै फेला परेका छन्। भारत तथा तेश्रो मुलुकमा रहेका र समस्यामा परेका नेपालीहरुको उद्धारका लागि राज्यस्तरबाट प्रभावकारी संयन्त्र गठन गर्न माइती नेपालले माग गर्दै आएको छ। माइती नेपालले जोखिमपूर्ण यात्रामा रहेकाको सीमाबाट उद्दार, पारिवारिक पूनर्मिलन,श्रम तथा यौन शोषणमा परेकाको उद्दार लगायतका काम गर्दै आएको जनाएको छ।

# ओत संरक्षणका लागि अनुगमन

■ नमस्ते समचारदाता

कैलाली, पुष/१६

आइयुसिएनको रातो सूचीमा रहेको ओत (थारू भाषामा उदुवा) संरक्षणका लागि सञ्चालन भएको समुदायको जीविकोपार्जन तथा अभिभावकत्व सबलीकरण परियोजनाको अवस्थाबारे स्थलगत अनुगमन गरिएको छ। “कर्णाली नदीमा ओत संरक्षणका लागि समुदायको जीविकोपार्जन तथा अभिभावकत्व सबलीकरण परियोजना लागु गरिएको छ। सो परियोजना विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र नेपाल सरकारको समन्वयमा बेलायत सरकार अन्तर्गत डार्विन इनिसिएटिभको आर्थिक सहयोगमा डल्फिन संरक्षण केन्द्रले परियोजना सञ्चालन गरिरहेको छ। अनुगमनमा सहभागीलाई विज्ञ आशिष कपालीले विश्वमा १३ प्रजाति, एसियामा पाँच प्रजाति र नेपालमा तीन प्रजातिका ओत रहेको जानकारी दिनुभयो। नेपालमा खैरो र कालो ओत पाइने भए पनि कर्णाली नदीमा खैरो ओत पाइने गरेको जनाउँदै कपालीले परियोजनाको मुख्य उद्देश्य ओत संरक्षण रहेको उल्लेख गर्नुभएको थियो। समूहले ओतको वासस्थान रहेको कर्णाली नदीमा माछा संरक्षण क्षेत्रको समेत अनुगमन गरेको छ। विशेषज्ञले कर्णाली नदीमा माछाले अन्डा र भुरा पार्ने क्षेत्र पहिचान गरेपछि सो क्षेत्रलाई फिस सेन्चुरी



क्षेत्रका रूपमा संरक्षण गर्दै आएको कार्यक्रम सहायक कपालीले जानकारी दिनुभयो। उहाँले ओत स्तनधारी मांसाहारी प्राणी रहेको र माछा भएको ठाउँमा ओतको वासस्थान भएकाले ओतको संरक्षणका लागि आहारामा कमी हुन नदिन नदीमा आश्रित समुदायको जीविकोपार्जनमा जोड दिएको बताउनुभयो। अनुगमनका क्रममा जीविकोपार्जनसँग जोडिएका विभिन्न समूहसँगको छलफल कार्यक्रममा प्रतिनिधि सभाका सदस्य गङ्गाराम चौधरीले जलचर प्राणीको पारिस्थितिक प्रणालीमा महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। उहाँले तरकारी खेती संरक्षणसँग सम्बन्ध रहेको उल्लेख गर्दै तरकारी खेतीमा प्रयोग हुने विषादी बगेर नदीसम्म पुग्ने भएकाले विषादीरहित तरकारी खेत गर्न सुझाव दिनुभयो। त्यसै गरी सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव प्रमोद भट्टराईले वन वातावरण, वन्यजन्तु जोगाउन समुदायको महत्वपूर्ण भूमिका रहने जनाउँदै ओत संरक्षणमा एकजुट हुन आग्रह गर्नुभएको थियो। कैलाली र बर्दियाका कर्णाली नदी आसपासका टीकापुर, राजापुर, लम्कीचुहा, भजनी नगरपालिका र जानकी, गेरुवा गाउँपालिकाका कर्णाली नदीमा आश्रित ३७५ घरपरिवार रहेका छन्। ७५ जनालाई तालिम दिएर जनचेतना फैलाइएको छ भने १९७ घरधुरीलाई सिपमूलक तालिम दिएर जीविकोपार्जनका कार्यक्रममा जोडिएको छ। ओतको महत्व नबुझ्दासम्म कर्णाली चिसापानीमा माछा मार्नेहरू संरक्षणमा एक हुँदै गएका छन्। राजापुरका दुखनी चौधरीले ओतलाई कर्णालीको माछा खाइदिन्छ भन्दै पहिला दुस्मन जस्तो व्यवहार गरे पनि अहिले यसको महत्व बुझेपछि सखीका रूपमा लिई संरक्षणमा जुटेको बताउनुभयो। डल्फिन संरक्षण केन्द्रका सचिव विजयराज श्रेष्ठले परियोजना सञ्चालन भएको दुई वर्ष पुग्न लागेको जानकारी दिँदै ओतको मुख्य आहारा माछा रहेको र कर्णाली नदीमा अवैध रूपमा विषादी प्रयोग गरेर माछा मार्ने कार्यको रोकथाम मुख्य चुनौती रहेको बताउनुभयो। शनिबार भएको अनुगमनमा सुदूरपश्चिम प्रदेशका वन निर्देशक हेमराज विष्ट, डिभिजन वन कार्यालय पहलमानपुर कैलालीका प्रमुख रामचन्द्र कँडेल, कैलाली जिल्ला समन्वय समिति प्रमुख टीका भुल, जानकी गाउँपालिकाका अध्यक्ष गणेश चौधरी, राजापुर नगरपालिकाका नगर उपप्रमुख मनकलाकुमारी चौधरी, लम्कीचुहा नगरपालिका उपप्रमुख जुना चौधरी, बर्दिया राष्ट्रिय निकुञ्जका प्रतिनिधिलगायत सहभागी हुनुहुन्थ्यो।

# राउटेलाई पोसिलो खानेकुरा दिन सुझाव

■ नमस्ते समचारदाता

सुर्खेत, पुष/१६

जङ्गलमा फिरन्ते जीवन बिताउँदै आएका राउटे समुदायलाई भत्ताभन्दा पोसिलो खानेकुरा दिनुपर्ने आवाज उठेको छ। भत्ताको रकमले उनीहरूले मदिरा तथा अन्य फजुल खर्च गर्ने र स्वास्थ्यमा समस्या आउन थालेपछि उनीहरूलाई भत्ताको सट्टा पोसिलो खानेकुरा दिनुपर्ने जनाइएको छ। राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेशले सुर्खेतमा आयोजना गरेको एक कार्यक्रममा राउटे समुदायलाई दिइने भत्तालाई व्यवस्थित गर्नुपर्ने सुझाव पनि दिइएको छ। राउटेलाई सामाजिक सुरक्षा भत्ताबापत दिइने रकम राउटे समुदायले मदिरा सेवनमा खर्च गर्ने गरेको भन्दै राउटेको स्वास्थ्यमा गम्भीर असर परेको छ। कर्णाली युवा परिषद्का कार्यकारी उपाध्यक्ष राजेन्द्र अधिकारीले राउटेलाई दिइने सामाजिक सुरक्षा भत्ता रकमको सट्टा पोसिलो खानेकुरा वितरण गर्नुपर्ने सुझाव दिनुभयो। उक्त रकम बराबरको पोसिलो खानेकुरा र लत्ताकपडा दिइनुपर्ने उहाँले औंल्याउनुभयो। उहाँका अनुसार मदिराका कारण राउटेको स्वास्थ्य जोखिममा परेको छ। गैरसरकारी संस्था महासङ्घ सुर्खेतका अध्यक्ष प्रकाश सारूले राउटेलाई देखाएर धेरैले आफ्नो दुनो सोझ्याएको आरोप लगाउनुभयो। उहाँले पनि राउटेलाई दिइएको भत्ताले उनीहरूको जीवनशैली बिग्रेको भन्दै अब त्यसको साटो खाद्यान्न, लत्ताकपडामा दिइनुपर्ने बताउनुभयो। राउटे समुदायलाई



सहयोगका नाममा सङ्घ संस्थाले परनिर्भर बनाई अस्तित्व सङ्कटमा पार्ने काम गरेकोमा भन्दै उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो। राउटे समुदायलाई दिइने सहयोग आफूखुसी नभई एकद्वार प्रणालीमा लैजानुपर्ने सुझाव पनि उहाँले दिनुभयो। मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पीताम्बर ढकालले राउटेको मानव अधिकारको रक्षा गर्नुपर्ने बताउनुभयो। विगतको भन्दा राउटेको अवस्थामा केही परिवर्तन भए पनि गाँस, बास र कपास; शिक्षा स्वास्थ्य र रोजगारीको अवस्थामा पनि ध्यान दिन जरुरी रहेको उहाँको सुझाव छ। मानव अधिकार रक्षक सञ्जालका संयोजक शर्मिला बिसीले राउटेले चाहेकोभन्दा आफ्नो फाइदाका लागि मात्रै सहयोग गर्ने गरिएको भन्दै अब उनीहरूको आवश्यकता अनुसार काम गर्न सङ्घ संस्थालाई आग्रह गर्नुभयो। राउटे समुदायमा काम गर्दै आएको संस्था सोसेक नेपालका कार्यकारी प्रमुख हिरासिंह थापाले राउटे समुदाय घट्दै गएकामा चिन्ता व्यक्त गर्नुभयो। उहाँले कल्याल, रास्कोटी र सोवंशी गरी तीन वटा समुदाय रहेको भन्दै एउटै समुदायका केटा र केटीको विवाह नहुने सामाजिक परम्परा भएका कारण धेरै युवा विवाह नगरेर बसेको उल्लेख गर्नुभयो। अहिले एकल महिला २३ जना रहेको भन्दै उहाँले राउटे समुदयमा एकल महिलाले दोस्रो विवाह गर्न नपाउने प्रचलनका कारण पनि जनसंख्या घटेको बताउनुभयो। अहिले राउटेको संख्या १३८ रहेको छ। सुर्खेतका प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले राउटे ठाउँ ठाउँमा बसाइँसराइ गरे पनि उनीहरूको सुरक्षालाई ध्यान दिइएको बताउनुभयो। राष्ट्रिय मानव अधिकार आयोगका मुरारी खरेलले राउटेको पनि मानव अधिकार प्रत्याभूति गराउन जरुरी रहेको उल्लेख गर्नुभयो। मानव अधिकार आयोगले राज्यको यथोचित ध्यान पुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु/नराख्नु, प्रजनन स्वास्थ्य अभाव, गुणस्तरहीन परम्परागत आवासमा बसोबास, मौसम अनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाइको अभाव जस्ता कारणले राउटेको जनसंख्या ऋणात्मक बन्दै जान थालेको भन्दै सरकारलाई विभिन्न सुझाव दिएको छ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके